नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(..............................................................शाखा)

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-

पत्र संख्या

चलानी नं. :-

मिति :- ..................................

## नोवेल कोरोना भाईरसको बारेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको

विषय :- **प्रेस विज्ञप्ति**

आज मिति २०७६।१०।१२ गते सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा माननीय गृहमन्त्री, माननीय परराष्ट्र मन्त्री, माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री, माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री, मुख्य सचिव, गृह सचिव, स्वास्थ्य तथा जनसङ्ख्या सचिव र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका महाशाखा प्रमुख, नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रतिनिधि सहितको बैठकमा हाल चीनमा फैलिएको नोभेल कोरोना भाइरस र सो ले नेपालमा पार्ने असरका सम्बन्धमा विस्तृत छलफल भयो ।

नोभेल कोरोना भाइरस नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिलो पटक चीनको हुवान प्रान्तमा ३१ डिसेम्बर २०१९ मा पहिचान भएको हो । यो २०१९ n-CoV भाइरस पशुहरूबाट मानिसमा प्रसार भई हाल मानिसबाट मानिसमा संक्रमण फैलदै गएको पुष्टि विश्व स्वास्थ्य संगठनले गरेको छ । यस भाइरसले सामान्य रूघाखोकी देखि गम्भीर प्रकारको तीव्र स्वासप्रस्वास संक्रमणसम्म गराउन सक्छ ।

चिनीयाँ समाचारपत्र ग्लोबल टाईम्सको २६ जनवरी बिहानसम्मको पछिल्लो जानकारी अनुसार हालसम्म विश्वभर नोभेल कोरोना भाइरसबाट संक्रमित १९७५ जना रहेका र २३ जना बाहेक सबै चीनमा रहेका छन् । सोमध्ये ५६ जनाको मृत्यु भैसकेको छ । विश्व स्वास्थ्य संगठनको विश्लेषण अनुसार चीनमा नोभेल कोरोना भाइरसको धेरै उच्च, क्षेत्रीयस्तरमा उच्च र विश्वस्तरमा मध्यम तहको जोखिम रहेको छ । यस भाइरसले नेपालमा पार्न सक्ने सम्भावित असरलाई ध्यान दिई २०७६ माघ १०, ११ र १२ गते स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले विभिन्न सरोकारवाला निकायहरूसँग बैठक बसी प्रतिकार्य तथा विरामीहरूको व्यवस्थापनका लागि आवश्यक तयारी गरेको छ । काठमाडौं उपत्यका, पोखरा, चितवन, लुम्बिनी लगायतका पर्यटकीय सहरहरूमा स्वास्थ्य डेस्कको स्थापना र आइसोलेसन बेड सहितको अस्पतालको व्यवस्था मिलाइएको छ ।

चीनको कोरोना भाइरस संक्रमित क्षेत्रमा रहेका नेपाली नागरिकहरू एवं विद्यार्थीहरूले यस सम्बन्धमा बुझ्नु परेमा वा कुनै समस्या महसुस गरेमा चीन स्थित नजिकमा रहेको नेपालको कुटनीतिक नियोगमा सम्पर्क राख्न अनुरोध गरिन्छ । नेपाली दूतावास बेइजिङ्ग, नेपाली महावाणिज्य दूतावासहरू ग्वान्जाओ, हङ्कङ्ग, ल्हासामा रहेका नेपाली नियोगहरूमा २४ सै घण्टा सम्पर्क गर्न सकिनेछ । साथै साङ्घाइस्थित मानार्थ महावाणिज्यदूतसँग समेत सम्पर्क राख्न सकिनेछ । बेइजिङ्ग स्थित नेपाली राजदूतावासले वुहानमा रहेका नेपाली विद्यार्थीहरूसँग WeChat समूह खडा गरी निरन्तर सम्पर्कमा रही उनीहरूको अवस्थाबारे जानकारी प्राप्त रहेको छ । यसमा समावेश हुन नसक्नु भएका विद्यार्थीहरूले नेपाली राजदूतावाससँग सम्पर्क स्थापित गर्न सूचित गरिन्छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलको आगमन कक्षमा विदेशबाट आउने सबै यात्रीहरूको निगरानीका लागि उपकरण र चिकित्सक सहितको हेल्थ डेस्क २४ सै घण्टा सञ्चालनमा ल्याएको छ । सीमा क्षेत्रमा आवतजावत गर्दा यस रोगबाट जोगिन सावधानी अपनाउन समेत सर्वसाधारणलाई अपिल गरिन्छ ।

यस अवस्थामा यो रोगको प्रशारणको जोखिमबाट जोगिन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी गरिएको व्यक्तिगत तवरमा सुरक्षाका उपायहरू अवलम्बन गर्न सर्वसाधारणमा आग्रह गर्दै यस परिस्थितिमा संयमित हुन समेत अपिल गरिन्छ ।

महेन्द्र प्रसाद श्रेष्ठ
प्रवक्ता
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

मिति : २०७६ माघ १२ गते